# महाभारत गाउँपालिका
མ་ཧཱ་བྷཱ་ར་ཏ་གའུ་པ་ལི་ཀཱ།
## गाउँ कार्यपालिकाको कार्यालय
बैदीटार, काभ्रेपलाञ्चोक
स्था: २०७३

बागमती प्रदेश, नेपाल


प. सं.:- २०८२/०८३ च. नं.:-

मिति : २०८३।०२।०४

**समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम (CBR) मा प्रस्तावना पेश गर्ने सम्वन्धी सूचना ॥॥**

प्रस्तुत विषयमा आ.व. २०८२/०८३ का स्वीकृत कार्यक्रम अनुसार बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय मार्फत अपाङ्गता भएका व्यक्तिहरुका सामाजिक आर्थिक सशक्तिकरण गरी विकासको मूल प्रवाहमा ल्याउने उद्धेश्यले समुदायमा आधारित पुनर्स्थापना कार्यक्रममा रकम विनियोजन भएकोले यस कार्यक्रम अपाङ्गता सम्वन्धी काम गर्ने संस्थाहरुको साझेदारीमा **अपाङ्गता भएका व्यक्तिका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०८०** अनुसार सञ्चालन गर्न इच्छुक संस्थाले यो सुचना जारी भएको मितिले ७ दिन ( अन्तिम दिन विदा भएमा त्यस पछिको कार्यालय लाग्ने दिन ) भित्र देहायको योग्यता पुगेका गैर सरकारी संस्थाले तपशिलको रित शर्त पुरा गरि प्रस्ताव पेश गर्नुहुन सुचित गरिन्छ ।

तपशिल

१. दरखास्त साथ बुझाउनुपर्ने कागजातहरु

क) संस्था दर्ता नविकरण विधान प्रशासनिक र आर्थिक नियमावलीको छायाप्रति

ख) समाजकल्याण परिषद्को आवद्धता पत्रको प्रतिलिपि

ग) गत बर्षको बार्षिक प्रगति प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन

घ) संस्थाको भौतिक पूर्वाधारको अवस्था

ङ) अपाङ्गता क्षेत्रमा काम गरेको अनुभव सम्वन्धी कागजात

च) हाल सम्म गरेको कार्यहरुको विवरणहरुका साथै गाउँपालिकासँग साझेदारीमा सम्पन्न गरेका कार्यक्रमहरुको विवरण

छ) यस पालिकामा सुचीकृत भएको कागजात

२. प्राथमिकता

क) यस जिल्लामा दर्ता भइ यस गाउँपालिकामा सुचीकृत भएको

ख) कार्यक्रम संचालनमा अनिवार्य साझेदारी रकम कम्तिमा ३०-४० % राखिएको हुनुपर्ने

ग) शारिरिक अपाङ्गताहरुको लागि कृत्रिम अङ्ग नापजाँच तथा अन्य सामाग्री वितरण गर्न सकिने

घ) निर्माणात्मक, सुधारात्मक शल्यक्रिया गर्न सकिने

ङ) पालिकाले तोकिएको निर्दिष्ट स्थानमा कार्यक्रम गर्नुपर्ने

च) अपाङ्गता भएका व्यक्तिहरुको एकिकृत विवरण तयार गर्नुपर्ने




Scanned with CamScanner

३. प्रस्ताव दर्ताको लागि कुनै शुल्क लाग्ने छैन

४. प्रस्तावनामा कुनै प्रशासनिक खर्च उल्लेख गर्न पाइने छैन

५. प्रस्तावनामा अपाङ्गता भएका व्यक्ति तथा परिवारको क्षमता अभिवृद्धि, शिक्षा ,स्वास्थ्य, सीप लगायत आय आर्जन तथा स्वाबलम्बन बनाउन लक्षित हुनुपर्ने

६. बजेट तथा कार्यक्रम

| सि.न. | कार्यक्रम शीर्षक | वजेट रकम | कार्यक्रम सम्पन्न गर्ने समय | कै. |
|---|---|---|---|---|
| १ | समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम | रु. ३,००,०००। अक्षरुपी तिन लाख रुपैयाँ मात्र) | २०८३ असार १५ गते सम्म | |

७ प्रस्ताव दर्ता गर्ने स्थान

महाभारत गाउँ कार्यपालिकाको कार्यालय सामाजिक विकास शाखा

नारायण प्रसाद खनाल

प्रमुख प्रशासकीय अधिकृत




Scanned with CamScanner